# हाम्रा पिता

# र हामी प्रति उहाँको प्रेम

- १ शमूएल १६: ७–८ तर परमप्रभुले शमूएललाई भन्नुभयो, त्यो सुन्दर र अल्गो भए तापनि त्यसको ख्याल नगर । मैले त्यसलाई इन्कार गरेको छु । परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ, तर **परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ** ।
- हितोपदेश १६: २ मानिसका सारा मार्गहरु आफैलाई निर्दोष लाग्ला, तर त्यसका अभिप्रायहरु **परमप्रभुद्‌धारा नै जोखिएका हुन्छन्** ।
- १ कोरिन्थी ४: ५ यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख । उहाँले अँध्यारोमा लुकेका कुराहरुलाई **प्रकाशमा ल्याउनुहुनेछ**, र मानिसका **हृदयका अभिप्रायहरु प्रकट गरिदिनुहुनेछ** । तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ ।
- याकूब ४: ३ तिमीहरु माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ ।
- गलाती ५:६ ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ । तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो–**प्रेमद्‌धारा काम गर्नै विश्वास** ।
- गलाती ५: १३ भाइ हो, तिमीहरु स्वतन्त्रताको निम्ति बोलाइएका हौ । केवल त्यस स्वतन्त्रतालाई पापमय स्वभावको निम्ति प्रयोग नगर । तर **प्रेममा तिमीहरु एक अर्काको सेवक बन** ।
- १ कोरिन्थी १३: १३ अब विश्वास, आशा, प्रेम यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो ।

- जग– जसमा इसाईत्वका सम्पूर्ण कुराहरु निर्माण गरिएको छ त्यो चाहीँ **प्रेम** हो ।
- १ यूहन्ना ४: ८ **प्रेम नगर्नेले** परमेवरलाई **चिन्दैन**, किनभने **परमेश्वर प्रेम हुनुहुन्छ** ।
- १ तिमोथी १: ५ हाम्रो आज्ञाको **लक्ष्य प्रेम** हो, जो **शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट** आउँछ ।
- भजनसंग्रह ५१: १० हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ।
- १ यूहन्ना ४: १९ हामी प्रेम गर्दछौ, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।
- यसैले हामी प्रति पिताको प्रेमलाई अझैँ पूर्ण रुपमा बुझाउँन सहयोग गर्नका लागि . . . यस अध्ययन

रोमी ८: २८–३० को अध्ययन

हामी **जान्दछौं, उहाँलाई प्रेम** गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ । जस–जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान **बनाउनलाई** धेरै भाइहरुमध्ये  उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, **अघिबाटै नियुक्त** गर्नुभयो । जस–जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले **बोलाउनु** पनि भयो, र जस जसलाई उहाँले बोलाउनुभयो, तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस जसलाई **धर्मी** ठहराउनुभयो तिनीहरलाई उहाँले **महिमित** पनि पार्नुभयो ।

► यशैया ४६: ११. . . पूर्वबाट म शिकारी पन्क्षी बोलाउँछु, र टाढा देशबाट मेरो अभिप्राय पूरा गर्न म एक जना मानिसलाई बोलाउँछु । **मैले जे भनेको छु त्यो म गर्नेछु** । मैले जे योजना बनाएको छु, म त्यो गर्ने नै छु ।

यशैया ४६: ८–११; ५५: ८–११ पनि हेर ।

► रोमी ८: २८ हामी जान्दछौं, **उहाँलाई प्रेम गर्नेहरु** र उहाँका अभिप्राय अनुसार **बोलाइएकाहरुका** निम्ति (कसको लागि ?) हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ ।

► तिनीहरु को हुन् जसलाई परमेश्वरलो प्रेम गर्छन् ?

► . . . **उहाँका अभिप्राय** / उहाँका योजना **अनुसार बोलाइएकाहरु**

१. उहाँले कसलाई बोलाउँनुहुन्छ ?

**. . . उहाँले जसलाई पहिलेबाटै चिन्नुभएको. . .**

एओरिस्ट टेन्स – भूत कालको समयमा नै कुनै कार्य भएर पूराभएको
।

वाच्य – कर्ता (परमेश्वरले) कार्य गर्नुभयो ।

इन्डीक्टिभ मूड – कार्य निश्चित र विचार गरिएको थियो ।

**ती जसलाई उहाँले पहिलेबाटै चिन्नुहुन्थ्यो** —> ती जसलाई उहाँले जन्मन अघि अनन्तको भूतकालको समय देखि नै चिन्नुहुन्थ्यो । संसारको जगबाट जसका नामहरु थुमाको जीवनको पुस्तकमा लेखिएको थियो ।

प्रकाश १३: ८ र १७: ८

► एफिसी १: ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो ।

येशूको रगतद्धारा

- १ पत्रुस १: १–३ येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्धारा शुद्ध भई परमेश्वर पितादधारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरुलाईः अनुग्रह र शन्ति प्रशस्त हुँदैजाओस् । परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्धारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं ।

- यूहन्ना १५: १६ **मलाई तिमीहरुले चुनेनौ, तर मैले तिमीहरुलाई चुनें !!!**

- **त्यसो भए, तिमी कतिको विशेषछौ त ???**

- २. तिमी पूर्वनिर्धारित / अघिबाटै नियुक्त गरिएका थियौ . . .

रोमी ८: २९ जस–जसलाई उहाँले **पहिलेबाटै चिन्नुभएको** छ, उहाँले तिनीहरुलाई **आफ्ना पुत्रको रुपसमान बनाउनलाई**, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ठहोऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो ।

एफिसी १: ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्धारा **प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो**,

एफिसी १: ११ उहाँमा, जसले सबै कुरा आफ्नो **इच्छाको योजना** अनुसार **पूरा गर्नुहुन्छ**, आफ्नो **अभिप्राय अनुसार**

३. तसर्थः किनकि **उहाँले तिमीलाई प्रेम गर्नुहुन्छ –**

उहाँले तिमीलाई बोलाउँनुभयो ।

- रोमी ८:३० जस–जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो, र जस–जसलाई उहाँले बोलाउनुभयो, तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस–जसलाई धर्मी ठहराउनुभयो तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो ।

- १ कोरिन्थी १: २३–२४ तर हामीचाहिँ क्रसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरुका निम्ति बाधा र अन्यजातिहरुका निम्ति मूर्खता हो । तर ती बोलावट भएकाहरुका निम्ति चाहे यहूदीहरु होऊन् वा ग्रीकहरु होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ ।

- **तिमीलाई प्रेम गरिएकोछ ! तिमी बचाईएकोछौ ! तिम्रो पापहरु क्षमा गरिएको छ र तिमीलाई अनन्तको जीवन दिएको छ !**

- हिब्रू ९: १५ यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि बोलावट भएकाहरुले प्रतिज्ञा गरिको अनन्त उत्तराधिकार प्राप्त गरुन्, किनकि एक जानको मृत्युको मोल भइसकेको छ, जसद्धारा पहिलो करारको समयमा भएका अपराधहरुबाट उद्धार पाइन्छ ।

- ती जसले **परमेश्वरलाई प्रेम गर्दछन्** —> ती हुन् जसलाई उहाँले **पहिले नै चिन्नु भएको** छ —>जसलाई **पहिले नै नियुक्त गर्नुभएको** छ —>जसलाई **उहाँले बोलाउँनुभएको** छ —> यहि कारणले गर्दा हामी हाम्रो परमेश्वर **पितालाई** र हाम्रो मुक्तिदाता **येशू ख्रीष्टलाई प्रेम** गर्दछौ ।

- उहाँको थाम्न नसकिने बोलावट चाहिँ तिम्रो हृदयको लागि थियो, टाउकोको लागि होइन । तिमीले उहाँको नाउँलाई बोलायौ किनभने उहाँले पहिले तिमीलाई बोलाउँनुभयो ।

- १ कोरिन्थी १: २ कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भउको छ, र तिनीहरुका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरु सबैलाई, जुनहरुले प्रभु येशू ख्रीष्टका नाउँको पुकारा गर्दछन्, जो तिनीहरु र हाम्रा प्रभु हुनुहुन्छ :

- हामी उहाँलाई पुकार्छौं किनभने उहाँले हामीलाई पहिले बोलाउँनुभयो ।

- १ थेसलोनिकी ५: २४ **तिमीहरुलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ ।**

- यूहन्ना १०: ३ ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र **भेडाहरुले उसको सोर सुन्छन् र उसले आफ्ना भेडाहरुलाई नाउँ काढी काढी बोलाउँछ,** अनि तिनीहरुलाई बाहिर लैजान्छ ।

- यूहन्ना १०: ४ जब उसले **आफ्ना सबै भेडाहरुलाई** बाहिर निकालिसक्छ, ऊ तिनीहरुका अगि अगि हिँड्छ र **भेडाहरुले उसलाई पछ्याउँछन्,** किनभने तिनीहरुले **उसको सोर चिन्छन्** ।

- यूहन्ना १०: २८–२९ मेरा भेडाहरुले मेरा सोर सुन्छन् र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् । तिनीहरुलाई म अनन्त जीवन दिन्छु, र तिनीहरु कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरुलाई मेरो हातबाट खोसी लैजानेछैन ।

५. यस सत्यलाई जानेर यसले हामीलाई हाम्रो पिता र प्रभु येशू ख्रीष्ट प्रति ....र प्रेम दिँदछ । तसर्थ :

- १ तिमोथी ६: १२ विश्वासको उत्तम लडाइँ लड । **अनन्त जीवन पक्रिराख । यसैमा तिमीलाई बोलावट भएको थियो**, जब तिमीले धेरै साक्षीहरुका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ ।
- १ थेसलोनिकी २: १२ यस हेतुले कि तिमीहरुको **चालचलन** परमेश्वरको **योग्य** होस्, जसले तिमीहरुलाई **उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुहुन्छ** ।
- १ पत्रुस २: ९ तर तिमीहरु त चुनिएका वंश, राजकीय पुजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक ।
- १ कोरिन्थी १: ९ परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्धारा उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको सङ्गतिमा तिमीहरु बोलाइयौ ।
- प्रेरित २: ३९ किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाढा–टाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।
- एफिसी ४: १–३ यसकारण , प्रभुको निम्ति एक कैदी, तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरु बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर । सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर ।

मुक्तिको अन्त बोलावटसँग हुँदैन :

- ती जसलाई उहाँले **पहिले देखि चिन्नुहुन्थ्यो** —> उहाँले **पहिले नै नियुक्त** गर्नुभयो —> उहाँले **बोलाउँनु** पनि भयो —> उहाँले धर्मी पनि ठहराउँनुभयो

६. उहाँले तिम्रो समायोजित गर्नुभयो

- रोमी ८: ३० जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो (ए ए आई)
- रोमी ३: २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैंमा धर्मी ठहरिएका छन् । ५: ९ उहाँको रगतद्धारा धर्मी ठहरिएका हुनाले झन् बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्धारा बचाइनेछौं ।
- कलस्सी २: १३–१५ तिमीहरु आफ्ना अपराध र शरीर अनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो,

उहाँले त्यो कसरी गर्नुभयो ???

- र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरुलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो । र येशूको रगत तल बहयो, हाम्रा पापहरुका सूचीलाई निकाल्दै ! यो गर्नका लागि उहाँले ....
- उहाँले प्रधानताहरु र शक्तिहरुलाई निःशस्त्र पारी ती सबैमाथि क्रसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो ।

मुक्तिको अन्त दोष शुद्धि करणसँग हुँदैन :

**७. र उहाँले तिमीलाई महिमीत पार्नुभयो**

- रोमी ८: ३० र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो ।

- प्रभुको आँखामा जसले अन्तलाई सुरु देखि हेर्नुहुन्छ र “जसले सबै कुरा  आफ्नो इच्छाको अनुसार पूरा गर्नुहुन्छ” (एफिसी १:११)

अब सिद्धियो !

- तसर्थ : हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनभयो ।  तीतस ३: ५

- २ तिमोथी १: ९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउछा  पवित्र बोलावटद्धारा बोलाउनुभयो । हाम्रो कामको  आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय  अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग–युग अघिदेखि हामीलाई दिनुभएको थियो ।

- येशूले भन्नुभए जस्तै,

अब सिद्धियो ! यूहन्ना १९: ३०

- जसरी पवित्र आत्माले अगमवक्तद्धारा भन्नुभएको थियो । यशैया ४६: ११

- मैले जे भनेको छु, त्यो म गर्नेछु । मैले जे योजना बनाएको छु, म त्यो गर्ने नै छु ।

- साथै यशैया ४६: ९–१० अघि –अघिका पुराना कुराहरुलाई सम्झ । म परमेश्वर हुँ, र अरु कोही छैनँ । म परमेश्वर हुँ, मजस्तै अरु कोही छैन । आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु । म भन्छुः मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु ।

उद्धार परमप्रभुबाट हुन्छ योना २: ९

- परमप्रभु महान परमेश्वर पिता हुनुहुन्छ । उहाँले आफ्नो सन्तानहरुलाई प्रेम गर्नुहुन्छ ।
- उहाँले तिनीहरुको हेरचाहा गर्नुहुन्छ र उनीहरुलाई आवश्यक भएको कुराहरु दिनुहुन्छ जुन उनीहरुले आफ्नो लागि प्राप्त गर्न सक्दैनन् . . . उद्धार !
- उहाँ अनन्तको हुनुहुन्छ र उहाँले उहाँको सन्तानहरु पनि उहाँसँग अनन्तसम्म होस् भन्ने विषयमा विचार गर्नुभएको छ ।
- **परमेश्वर प्रेम हुनुहुन्छ** (१ यूहन्ना ४: ८) **र प्रेम कहिले पनि असफल हुँदैन** (१ कोरिन्थी १३: ८)
- र यसैकारणले गर्दा हामी हाम्रो परमेश्वर पितालाई र उहाँको पुत्र येशू ख्रीष्टलाई प्रेम गर्दछौ ।
- **हामी उहाँलाई प्रेम गर्छौं, किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो ।** १ यूहन्ना ४: १९
- हिब्रू ९: १२ बोका र बाछाहरुको रगतले होइन, तर आफ्नै रगतद्धारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो । (१५) यसैकारण उहाँ नयाँ करारका मध्यस्थ हुनुहुन्छ, यस हेतुले कि

बोलावट भएकाहरुले प्रतिज्ञा गरिएको अनन्त उत्तराधिकार प्राप्त गरुन्, किनकि एक जनाको मृत्युको मोल भइसकेको छ, जसद्धारा पहिलो करारको समयमा भएका अपराधहरुबाट उद्धार पाइन्छ ।

- हाम्रो **अनन्तको उद्धारको** लागि – **समापन भएको काम हो!**
- **तरैपनि**, गर्जने सिंहबाट (१पत्रुस ५: ८) मेरो **दिन दिनैको उद्धारकोलागि** जो कसैलाई खानको लागि ढुकिबसेको छ . . .
- यस विषयमा भन्नको लागि अझैं धेरै छ ।
- तिमीले यस विषय सम्बन्धि विवरण यहाँ पाउँन सक्छौ :

www.treasurehisword.com पाना ५

- यदि उहाँले तिम्रो लागि जे गर्नुभएको छ त्यस प्रति धन्यवादी छौ भने, र तिमीले तिम्रो पितालाई र प्रभु येशू ख्रीष्टलाई प्रेम गर्छौ भने . . .
- प्रभुलाई सम्मान दिने र महिमा दिने जीवन जीऊ ।
- तिम्रो प्रेमलाई, तिम्रो धन्यवादीलाई, तिमीले गरेको कदरलाई, देखाउँदै र प्रदर्शन गर्दै कि उहाँले तिमीलाई पहिले नै नियुक्त गर्नुभएको छ – बोलाउँनु भएको छ – तिम्रो न्यायसँगत गर्नु भएको छ – तिमीलाई बचाउँनु भयो छ र महिमित पार्नुभएको छ ।
- तिमीले कसरी प्रभुलाई सम्मान दिने र महिमा दिने जीवन जिउँन सक्छौ ?
- उत्तर : तिमीले प्रभु येशू ख्रीष्टलाई र स्वर्गिय पितालाई गर्ने प्रेमको गहिराईबाट मात्र हो ।

- २ कोरिन्थी ५: १४–१५ ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ , कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरु अब उसो **आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति** बाँचून्, जो तिनीहरुका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।

- हामीलाई नियन्त्रण  गर्छ – हामीलाई समात्न / कैदि बनाउँन / बाध्य गराउँन / उत्प्रेरित गर्न

- तिम्रो स्वर्गीय पिताले यी सबै गर्नुभयो किनभने :

तिमी उहाँको सन्तान हौ

उहाँले आफ्नोहरुको हेरचाहा गर्नुहुन्छ ।

उहाँले तिमीलाई प्रेम गर्नुहुन्छ !

तिमी एकदमै विशेष छौ !

र उहाँको लागि मूल्यवान् छौ !

- १ यूहन्ना ३: १ हेर, पिताले हामीलाई**कस्तो किसिमले प्रेम** गर्नुभएको छ, कि हामी **परमेश्वरका सन्तान भनी कहलिएकाहरु हौँ**, र साँच्चै हौँ पनि । यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन ।

- तिम्रो पितालाई महिमा दिने र तिमी प्रति तिम्रो पिताले गर्व गर्ने जीवन जीऊ ।

येशूले आफ्नोहरुको हेरचाहा गर्नुहुन्छ ।

प्रभु येशू ख्रीष्ट अझै पनि उहाँको सिंहासनमा हुनुहुन्छ
उहाँले मायाका साथ आफ्नोहरुको हेरचाहा गर्नुहुन्छ
उहाँको प्रतिज्ञाहरु सत्य छन् – उहाँले तिमीलाई धेरै माया गर्नुहुन्छ
उहाँले आफ्नोहरुको सधैँ हेरचाहा गर्नुहुन्छ

येशू अझै पनि उहाँको सिंहासनमा हुनुहुन्छ
उहाँले आफ्नोहरुको तर्फबाट शासन गर्नुहुन्छ
उहाँले वर्षहरु भरि तिम्रो आँसुलाई जम्मा गर्नुहुन्छ
उहाँले तिम्रो कपाल गन्नुहुन्छ किनकि उहाँले साँच्चै तिम्रो वास्ता राख्नुहुन्छ
उहाँले ईर्ष्याका साथ आफ्नोहरुलाई हेर्नुहुन्छ ।

तिमी उहाँको दृष्टिमा मूल्यवान् छौ
उहाँको दृष्टिमा मूल्यवान् धन
तिम्रोलागि उहाँले आफ्नो सिंहासन त्याग्नुभयो
उहाँ आफै तल आउँनुभयो

तिम्रोलागि उहाँ मारिनुभयो
उहाँको रगतद्धारा तिमी किनिएको छौ
उहाँको धन फेला पारिएको छ
जमिनबाट उद्धार गरिएको छ

विजयको आवाजको साथ, उहाँ आफ्नो सिंहासनमा फर्कनुभयो र आफ्नोहरुलाई उहाँले आफ्नो दाहिने हातले सम्हाल्नुभयो

आशाका साथ उहाँ प्रेत्यकलाई उहाँको ठाउँमा ल्याईनका लागि पर्खनुहुन्छ
त्यहाँ उहाँको सिंहासनको छेउमा
उहाँको अनुग्रहको उपहार
उहाँको जस्तै गरि गर्वका साथ प्रदर्शन गरिएको छ ।

नयाँ दिल्ली, ईन्डिया अगष्ट २४, १९९३

- एफिसी ३: १४–१९ हामी सबैका लागि पावल प्रेरितको प्रार्थना :
- जसद्धारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ । म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्ति अनुसारको शक्तिले उहाँका आत्माद्धारा भित्री मनुष्यत्वमा तिमीहरुलाई शक्तिशाली पारुन्, र विश्वासद्धारा ख्रीष्ट तिमीहरुका हृदयमा वास गरुन्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर,
- सबै सन्तहरुसँग चौडाइ, उचाइ, लमाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरु भरिपूर्ण होओ ।

न्यू लिभिङ् अनुवाद